आर्थिक वर्ष २०७९/०८० को

# नीति,कार्यक्रम तथा बजेट

त्रिपुरासुन्दरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
त्रिपुराकोट बगर,डोल्पा
कर्णाली प्रदेश

त्रिपुरासुन्दरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट बगर,डोल्पा

कर्णाली प्रदेश,नेपाल

CamScanner

सभाका सभाध्यक्ष एवं नगर प्रमसख ज्यू,
प्रमुख अतिथि जि.स.स.डोल्पाका प्रमुख ज्यू,
विशेष अतिथि ठुलीभेरी नगरपालिकाका नगर प्रमुख ज्यू,
अतिथि ने.क.पा.(ऐमाले) अध्यक्ष तथा प्रतिनिधि ज्यू,
अतिथि नेपालि काँग्रेस पाटि सभापति तथा प्रतिनिधि ज्यू,
अतिथि ने.क.पा. (माओबादि केन्द्र) पार्टि अध्यक्ष तथा प्रतिनिधि ज्यु,
अतिथि पत्रकार मित्रहरु ,
अतिथि पेशागत संघ संगठनका प्रमुख एवं प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रमख एवं प्रतिनिधि ,नागरीक समाजका अगुवा प्रतिनिधि ज्यूहरु ,
आठौ नगर सभाका सदस्य ज्यूहरु ,
राष्ट्रसेवक कर्मचारी, शिक्षक, वुद्धिजीवि एवम सम्पूर्ण नगरवासी आमा वुवा, दाजुभाई तथा दिदीवहिनीहरुमा यस त्रिपुरासुन्दरी नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक अभिवादन एवम स्वागत गर्न चाहन्छु ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानबाट स्थापित त्रिपुरासुन्दरी नगरपालिकाका नागरिकको प्रतिनिधिमुलक गरिमामय नगरसभाको यस बैठकमा आगामी आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न त्रिपुरासुन्दरी नगरपालिकाको उपप्रमुखका हैसियतले उपस्थित भएको छु।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवम् अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका ज्ञात अज्ञात शहिदहरु र कोभिड-१९ बाट संक्रमित भई आफ्नो ज्यान गुमाउनु भएका यस नगरका पहिलो जननिर्वाचित नगर प्रमुख स्व.ओम वहादुर बुढा प्रति उच्च सम्मान व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। हाम्रो अनुरोध स्वीकार गरी यस नगरपालिकाको नीति कार्यक्रम तथा वजेट घोषणा सभालाई ओझपूण , सहभागितामूलक र भव्य र सभ्यताका साथ सफल वनाउन पाल्नुहुने सम्पुर्ण महानुभावहरुमा यस नगरपालिकाको तर्फबाट हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

यस नगरपालिका भित्र थुप्रै अवसर र संभावना रहेका छन । स्थानीय तहले कसरी कार्यसञ्चालन गर्ने भन्ने अन्यौलताका विच नगरपालिकाको स्थापना पछि तमाम नागरिकको अपेक्षा बढ्नु स्वभाविक नै रहेको छ । स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफै गर्न, आफ्नो क्षेत्रको विकास आफै गर्न तथा आफुलाई आवश्यक पर्ने ऐन, कानून आफै तर्जुमा गर्न पाउने अधिकारहरुलाई संस्थागत गर्दै गरेको अवस्थामा नगरबासीहरुको अपेक्षा अनुरुप नगरपालिकाले गुणस्तरीय सेवा प्रवाह गर्न, विकास निर्माण गर्न, जनताको घरदैलोमा स्थानीय सरकारको उपस्थितिको अनुभूति दिलाउन उपलब्ध सिमित श्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रहरुमा प्राथमिकता दिन सकरात्मक सोचका साथ अगाडि वढेर सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने धेरै सम्भावनाको बिचबाट यस नगरपालिकाले भएका श्रोतसाधनहरुलाई भरपुर उपभोग गर्दै संघिय सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार



जन चन्द्र रोकाया
नगर प्रमुख

CamScanner

निकायहरुसँग समन्वय गरी नगरपालिकाले अंगिकार गरेको दिर्घकालिन तथा अल्पकालिन एवम् आवधिक लक्ष्य, उद्देश्य र रणनीति पुरा गर्न ठूला तथा मझौला आयोजना, योजना, परियोजनाहरुलाई योजनाबद्ध विकास गर्न **"शिक्षा,स्वास्थ्य, कृषि,पर्यटन, रोगगारी र दिगो विकासको पूर्वाधार,संस्थागत सुशासन सहितको समृद्ध नगर निर्माणको आधार"** मूलनाराका साथ आगामी आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०७९/८० को वजेटका उद्देश्यहरु देहाय वमोजिम रहेका छन ।**

- यस नगरपालिकाका जनतालाई स्थानिय सरकारको अनुभूति दिलाउनका लागि "जनतासँग नगर प्रमुख" कार्यक्रम कार्यान्वयन गर्ने,
- निमुखालाई न्याय र विपन्नलाई आय कार्यक्रम सञ्चालन गर्ने ,
- शिक्षा तथा खेलकुद क्षेत्रको विकास गर्दै गुणस्तरीय, सर्वसुलभ र जीवनोपयोगी शैक्षिक वातावरण तयार गर्ने ,
- आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको प्रत्याभूति गर्दै सुरक्षीत मातृत्व एवम महामारी नियन्त्रणका लागि थप सुधारका प्रयास गर्ने ,
- कृषि तथा पशु पालनको प्रबद्धन गर्दै स्वच्छ खानेपानी तथा सरसफाईको पहुँचमा विस्तार गर्ने,
- महिला ,वालवालिका ,जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्राम तयारगरी कार्यान्वयनमा ल्याउने,
- गुणस्तरीय पूर्वाधारको विस्तार , स्तरोन्नती तथा विकास गर्दै आम नगरवासीको जीवन यापनमा सहजता ल्याउने ,
- विपदजन्य जोखिम न्यूनिकरणको लागी प्रतिकार्ययोजना निर्माणगर्दै फोहोरमैलाको दिगो व्यावस्थापनको सुरुवात गर्ने ,
- पर्यापर्यटनको प्रवर्धनगर्दै स्थानिय उद्योग, सहकारी र गैहसरकारी संघ संस्थाको परिचालनमा जोड दिने ,
- नगरपालिका भित्र दिर्घकालिन आम्दानीका स्रोतहरुको पहिचान गरि करको दायरा वढाउदै राजश्व संकलनको दरमा वृद्धि गर्ने ,
- नगरप्रहरीको व्यवस्था गरी नगरपालिका एवम् नगरवासीको शान्ति, सुरक्षा र अमनचयनको वातावरण सृजना गर्ने ,
- हाम्रा पुर्खाहरुलो संरक्षण, सम्वर्द्धन र पालना गर्दै आएको सनातन धर्मको माध्यमबाट समाजलाई सुसस्कृत, सभ्य र अनुशासित तुल्याउन त्रिपुरासुन्दरी मन्दिर परिसरमा त्रिपुरासुन्दरी गुरुकुल पाठशालाको स्थापना गर्ने ,
- यस नगरपालिकाका प्रथम जन निर्वाचित नगर प्रमुख स्वर्गिय श्री ओम वहादुर बुढा र काबा नगरप्रमुख श्री चन्द्रकुमारी बुढाले थालनि गर्नुभएका योजना तथा अधुरा कार्यहरु सम्पन्न गर्ने उद्येश्य रहेको छ ।

जन चन्द्र रोकाया
नगर प्रमुख

## क) आर्थिक विकास क्षेत्र

### कृषि क्षेत्र

१. नगरपालिकामा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गर्ने पहल कदमीका रुपमा यस वर्ष कृषि तर्फका साना व्यवसायिक (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिदै स्याउ, ओखर तथा अँगुर जस्ता फलफूल खेती गर्ने साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम), तरकारी खेती, रैथाने बाली प्रवर्द्धन कार्यक्रममा सहभागी कृषकहरुलाई कृषि औजार ,उपकरण तथा विउ विजनको खरिदमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२. नगरपालिका क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तिय संस्थाहरु रहेकोले कृषि उद्यम सम्बन्धी परियोजनाको विकास गरी कृषिमा लगानी बढाउन बैंक तथा वित्तिय संस्थाहरुसँग अन्तरक्रिया गर्ने व्यवस्था मिलाईनेछ ।

३. कृषि उत्पादनको बजारीकरण तथा विकासका लागि ग्रामिण पुर्वाधार तथा कृषि सडकहरुको विस्तार र विकास गरी खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज संकलन केन्द्रहरु सम्म पुऱ्याउने व्यवस्था मिलाईनेछ ।

४. नगरपालिकाका क्षेत्र भित्रका वास्तविक कृषकहरुको पहिचान गरी विद्युतिय माध्यमबाट कृषक प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

५. कृषि उत्पादन र उपभोक्ता विच निकट सम्बन्ध कायम गरी कृषि उत्पादनको बजार मूल्यको अधिकतम हिस्सा किसान सम्म पुऱ्याउन **कृषि हाट बजारको** व्यवस्था मिलाईनेछ ।

६. नगरपालिकाका कृषकलाई आवश्यक पर्ने स्थानीय स्तरमा पाइने रैथाने अन्नवालीहरु (जौ,गहुँ,मकै, कोदो, कागुनो, चिनो, फापर,सिमी,आलु) र प्राकृतिक प्रकोपबाट लोप भएका अन्नवालीलाई संकलन र प्रवर्द्धनका लागि अनुदानको व्यवस्था मिलाईनेछ ।

७. नगरपालिकामा उत्पादन हुने तरकारी तथा फलफूल खेतिमा देखिएका रोग, किरा तथा झारपातको समस्या निराकरण गर्न जैविक विषादीको प्रयोगलाई बढाउदै क्रमश अर्गानिक उत्पादनमा वृद्धि गरिनेछ ।

८. यस नगरपालिकाको त्रिपुराकोट वगरमा नेपाल खाद्यसंस्थान संग सहकार्य र समन्वय गरी खाद्य डिपो स्थापना गरिने छ ।

### पशु सेवा

१. यस नगरपालिकामा गाई, भैंसी, भेडा, बाखा, चौरी र घोडाको उन्नत जातका भाले र पोथी को आयात गर्ने जिल्ला पशु सेवा कार्यालय सँग समन्वय र सहकार्य गरिनेछ ।

२. यस नगरपालिका भित्र भेडा, बाखा पालन गर्ने कृषकहरुलाई **साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम** लाई निरन्तरता दिईनेछ ।

३. दर्ता भएका कृषक समुह/समितिलाई विभिन्न तालिम, गोष्ठी सञ्चालन गरी नया ज्ञान, सीप र प्रविधिको विकास गर्दै कृषकहरुलाई पशुपालन व्यवसायमा थप आकर्षण गराइनेछ ।

४. नगरपालिका बजार क्षेत्र भित्र बधशालालाई व्यवस्थापन गरी सञ्चलानमा ल्याइनेछ ।

५. नगर क्षेत्रमा छाडा पशु चौपायाको नियन्त्रण गर्न नगरवासीलाई सचेत गराइने छ ।

जन चन्द्र रोकाया
नगर प्रमुख

## पर्यटन विकास

१. प्राकृतिक, साँस्कृतिक, जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्दै त्रिपुरासुन्दरी नगरपालिकालाई रमणीय र सुरक्षित गन्तव्य स्थानका रुपमा विकास गरिनेछ।
२. ऐतिहासिक तथा साँस्कृतिक स्थल त्रिपुराकोटको त्रिपुरासुन्दरी मन्दिर , छलको बुडालमष्टो, गल्लीको भवानीमष्टो जस्ता देवस्थल र विक्रम शाही महाराजको दरवार, रल्ली राजारानी जस्ता पुरातात्वीक क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्दै आन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरुलाई भित्र्याउन आवश्यक पुर्वाधारको विकास गरिनेछ।
३. यस नगरपालिकामा पर्यटन विशेष सुरक्ष नीति अवलम्वन गरिने छ।
४. नगरक्षेत्र भित्रका होटल तथा अन्य व्यवसायीहरुलाई पर्यटक मैत्री सूचना प्रवाह र पर्यटक आकर्षण गर्ने व्यवस्था गर्न आवश्यक तालिम प्रदान गरेर जनचेतना वृद्धी गरिने छ।
५. नेपालको प्रसिद्ध ऐतिहासिक एवं सास्कृतिक पर्यटकीय क्षेत्र त्रिपुरासुन्दरी मन्दिरको मर्मत सम्भार तथा संरक्षण गर्दै धर्मशाला एवम् वृद्धा आश्रम निर्माण गरी पर्यटकिय क्षेत्रको विकास गरिने छ।

## उद्योग वाणिज्य

१. नगरपालिका क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुलाई प्रवर्द्धन गरी छरिएका साना व्यवसायी एकिकृत गर्दै उद्यम सञ्चालनमा सहयोग गर्न आवश्यक सहयोग गरिने छ।
२. नगरपालिकामा उपलब्ध हुने फलफूल तथा जडीबुटीहरु प्रशोधन तथा प्रोसेसिङ्ग गर्न आवश्यक साना उद्योग सञ्चालन गरी आन्तरिक आयमा वृद्धी गरिने छ।
३. नगरपालिकाका बजार क्षेत्र तथा सडक छेउछाउका साना बजार, गाउँ घरमा रहेका होमस्टे, होटल, पसल तथा साना व्यवसायी दर्ता गर्न लगाई सुचिकृति गरिनेछ।
४. दर्ता भइ सञ्चालनमा आएका व्यवसायीहरुलाई करको दायरामा ल्याइ नगरपालिकाको अगामी वर्षको राजश्व संकलनको लक्ष्य पूरा गर्न कार्यविधि निर्माण गरी कडाइका साथ कार्यान्वयनमा ल्याइने छ।
५. नगरपालिका क्षेत्र भित्रका वेरोजगार युवायुवतीका लागि नया प्रविधियुक्त सिप विकास कार्यक्रम अन्तर्गत रोजगार सृजना गरिने छ।
६. लघु तथा घरेलु उद्योग विकास सञ्चालन गरिरहेका महिला समुह, सहकारी तथा उद्यमीहरुलाई आवश्यकताको आधारमा सिप विकास तालिम तथा प्रविधि हस्तान्तरण गरिने छ।
७. स्थानीय श्रम, सिप तथा श्रोतसाधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास गर्न र लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गर्ने निति ल्याइने छ ।
८. निर्माण व्यवसायीलाई गुणस्तरीय निर्माण कार्य गर्न गराउन पहल गरिने नीति लिइनेछ।
९. यस नगरपालिकामा सञ्चालन हुने चार पांग्रे यातायतका व्यवसायीलाई नियमन गर्दै करको दायरामा ल्याइनेछ।
१०. औद्योगिक ग्रामलाई निर्विबादरुपमा निर्माणको कार्य अघि वढाउन डिपीआर गरि केन्द्रसंग अनुदान माग गर्न पहल गरिने छ।

जन चन्द्र रोकाया
नगर प्रमुख

सहकारी

१. यस नगरपालिका क्षेत्र भित्र कार्यक्षेत्र बनाई सहकारी डिभिजन कार्यालयबाट हस्तान्तरण भएका सम्पूर्ण सहकारी संस्थालाई व्यवस्थित गराइनेछ ।

२. गरिवी निवारण कोषबाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषको रकमको लगत राख्ने र सो रकम मार्फत रोजगारी सृजना, आयआर्जन र उत्पादनमूलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ ।

३. सहकारीले आन्तरिक अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रुपमा काम गर्ने भएकाले एक नगर अनेकौ उद्यममुखी सहकारी कार्यक्रमलाई प्रोत्साहित गरिने छ ।

४ यस नगरपालिका भित्रका विभिन्न समुहमा लगानि गरिएको .गरिवी निवारण कोषको रकम लाई पारदर्सीताका साथ चुस्तदुरुस्त राखी कोषको उचितरुपमा परिचालन गर्न अनुगमन गरी नियमन गरिने छ ।

## (ख) सामाजिक विकास क्षेत्र:

**शिक्षा युवा तथा खेलकुद :**

१. यस नगरपालिकाबाट विधालय कर्मचारी, वालविकास सहजकर्ता तथा शिक्षक एवम प्रधानाध्यापकलाई विगतमा दिइदै आएको प्रोत्साहन भत्ता तथा संचार खर्चमा वृद्धि गएिको छ , साथै नगर भित्र रहेका आधारभ्त तथा माध्यमिक विधालयमा रहेको दरवन्दि अभावको समस्या समाधान गर्न संघ, प्रदेशसंग समन्वय गर्दे अपुग हुने दरवन्दी नगरपालिकाले **नगर अनुदान दरवन्दी** सृजना गरि दरवन्दी अभावको समस्या समाधान गर्दै लैजाने निति लिईनेछ ।

२. विद्यालय शिक्षामा **स्थानीय पाठ्यक्रम** यसै वर्ष जारी गरिनेछ, यसरी निर्माण गर्ने पाठयक्रममा स्थानीय भाषा, रहनसहन, संस्कृति, नैतिक शिक्षा ,जडिवुटी, पर्यटन जस्ता विषयवस्तु समेत समेटिनेछ ।

३. वालविकास केन्द ,र कक्षा एकमा यसै वर्षदेखि **अंग्रजी माध्यममा** समेत शिक्षण गराउदै **आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क गर्न** आवश्यक व्यवस्था गरिनेछ । विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै बालमैत्री शिक्षण विधि अवलम्बन गरिनेछ । जेहेन्दार, गरिब, विपन्न वर्ग तथा अनाथ वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोसाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यको शुरुवात गरिनेछ ।

४. **प्राविधिक तथा व्यवसायिक शिक्षाको बिस्तार, समृद्ध नगरपालिका निर्माणको आधार**लाई वलियो बनाउदै नगरपालिकामा सघ प्रदेश संगको समन्वय र सहकार्यमा प्राविधिक धारको थप एक प्राविधिक विधालय संचालन तथा नगरकेन्द्रमा अग्रेजी माध्यमको एक आवासिय विद्‌यालय संचालन गर्न आवश्यक प्रकृया अघि वढाइने छ ।

५. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने १/१ विद्यालयलाई प्रत्येक वर्ष उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने कार्यको थालनी गर्ने, हरेक वर्ष एस. ई. ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालयका १/१ छात्र/छात्रालाई सम्मान गर्ने र कक्षा छ देखि नगरपालिकाभित्रका सामुदायिक विद्‌यालयम अध्ययन गरी विज्ञान तथा प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने गरिव , विपन्न , जेहेन्दार १/१ छात्र/छात्रालाइ **विज्ञान तथा प्राविधिक उच्च शिक्षा छात्रवृत्ति** कार्यक्रमको व्यवस्था गरिने छ ।

६. सबै बिद्यालयहरुमा बालमैत्री चित्र र सन्देशहरु लेख्ने एवं एउटै रङ्ग लगाउने लगायतका कार्यक्रम सञ्चालन तथा वृक्षारोपण गरि **हरित विधालय अभियान** संचालन गरिनेछ ।

७. नगरपालिका क्षेत्र भित्रका विद्यालयको नक्साङ्कन तयार गरी विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान तथा प्रअ तथा शिक्षकहरुको नगरपालिकाभित्र **घुम्ती सरुवा** कार्यलाई बैज्ञानीक प्रणाली अपनाई शैक्षिक क्षेत्रको थप व्यवस्थापन र गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

८. **विधालय शिक्षामा सुचनाप्रविधिमैत्री** वनाउन सबै विधालयमा सुचनाप्रविधी जडान तथा सामाग्रीको अनिवार्य व्यवस्थापन गर्ने निति लिइनेछ ।

९. यसै वर्ष त्रिपुरासुन्दरी मन्दिर परिसरमा त्रिपुरासुन्दरी गुरुकुल पाठशालाको स्थापना गरी सस्कृत भाषाको पठनपाठन सुरु गरिने छ ।

१०. सामुदायिक विधालयमा कार्यरत **शिक्षकहरुको क्षमता विकास** गर्न विभिन्न किमिमका तालिमको आयोजना गरि कक्षाकोठाभित्र तालिमको अनिवार्य प्रयोग गर्ने वातावरणको सुनिश्तिता प्रदान गरिनेछ ।

११. नगरपालिकामा **एक पालिकास्तरको एक खेलकुद ग्राम निर्माण** तथा एक वडा एक खेलकुद मैदान निर्माण गरि **स्वस्थको लागी खेल राष्ट्रको लागी खेल** कार्यक्रम संचालन गरिनेछ ।

१२. सामाजिक विकासमा **युवा परिचालन तथा युवा उद्यमी कार्यक्रम** मार्फत युवा परिचालनलाई प्रभावकारी वनाइनेछ ।

१३. नगर स्तर तथा जिल्ला स्तरमा सञ्चालन हुने खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङ्ग शिल्डलाई नियमसँगत अनशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय खेलाडी उत्पादनमा विशेष जोड दिइने छ ।

१४. श्री सरस्वती माध्यमिक विद्यालय सुँमा सञ्चालित कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन कार्यलाई निरन्तरता दिइनेछ ।

**महिला तथा बालबालिका तथा समाजकल्याण**

१. यस नगरपालिका भित्र हुने गरेको बालविवाहलाई निरुत्साहित गरी बालविवाह मूक्त नगरपालिका घोषणा गर्न सबै वडामा बालविवाह न्यूनीकरण सम्वन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. महिलाहरुको क्षमता विकास गर्न सबै वडामा महिला समूह, समिति र संस्थाको सदस्यहरु लाई विभिन्न तालिमको आयोजना गरिने छ ।

३. महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक बिरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार र भेदभाव अन्त्य गर्दै लैंगिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्ने नीति लिइनेछ ।

४. हिंसा पिडितको तत्काल उद्धार, पुनःस्थापना र परिवारमा पुनःएकीकरण तथा आर्थिक सशक्तीकरणलाई थप प्रभावकारी बनाइनेछ ।

५. बालबालिकाको हकअधिकार सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य, शिक्षा र पोषणमा सबैको पहुँच अभिवृद्धि गर्दै सडक बालबालिकामुक्त गर्न सचेतना अभियान संचालन गरिने छ ।

६. हिंसामा परेका, विशेष संरक्षणको आवश्यकता रहेका तथा अनाथ बालबालिकाहरुको संरक्षणका लागि आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था गरिने छ ।

७. यस नगरपालिकमा बालन्याय प्रणालीलाई पभावकारी बनाउँदै लगिनेछ ।

८. ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिको अधिकार संरक्षण गर्दै कल्याणकारी कार्यक्रम सञ्चालन गर्न नीति तर्जुमा गरिनेछ ।



CamScanner

९. यस नगर पालिकामा मनाइने विभिन्न दिवशहरुमा महिला, बालबालिका, अपांग, ज्येष्ठ नागरिक लगायत सबैको पहुच हुने गरी विभिन्न चेतनामूलक कार्यक्रहरु मार्फत क्षमता विकास गरिने छ ।

## खानेपानी तथा सरसफाई

१. खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धी तथ्याङ्कहरुको नियमित अद्यावधिक तथा व्यवस्थापन गर्दै उक्त सेवा नपुगेका वस्तीहरुको पहिचान गरी प्राथमिकताका आधारमा सेवा प्रदान गरिने छ ।

२. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरु र विद्यालयहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको निर्माण गरी सुरक्षित एवम् पहुँचयुक्त स्वास्थ्य एवम् शिक्षा सेवाको उपलब्धताको वातावरण निर्माण गरिने छ ।

३. नगरपालिका भित्रका सबै सार्वजनिक स्थलहरुमा (मठ, मन्दिर, गुम्वा, चर्च, बजार क्षेत्र, तिर्थ स्थल, बस पार्क आदि) व्यवस्थित खानेपानी, शौचालय र साबुनपानीले हातधुने सुविधा निर्माण तथा व्यवस्थापन गरिने छ ।

४. पानीका मुहान संरक्षणका लागि मुहान वरिपरी वृक्षारोपण गरी वातावरण तथा जलवायु परिवर्तन र अनुकुलनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५. नेपाल सरकारको एक घर एक धाराको नीतिलाई अवलम्वन गर्दै सुरक्षित खानेपानीयुक्त नगरपालिका निर्माणका लागि सरकारी तथा गैह्र सरकारी र अन्य साझेदार दातृ निकायहरुसँगको समन्वय र सहकार्य गरी सुरक्षित खानेपानी टोल घोषणा गर्ने कार्यक्रमलाई थप निरन्तरता दिईनेछ ।

६. डोल्पा जिल्ला खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएकोमा हाल आएर सौचालयको प्रयोग नगरी वातावरणमा असर परेको हुदा नगरवासी सवैलाई अनिवार्य रुपमा एक घर एक सौचालय निर्माण गरी प्रयोगमा ल्याउन पहल गरिने छ ।

## भाषा तथा संस्कृति

१. परम्परागत भाषा, ज्ञान, सीप र कलाको संरक्षण, सम्वर्दन र विकास एवम् प्रचारप्रसा गरी नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरणको सृजना गरिनेछ ।

२. स्थानिय श्रोत साधनवाट निर्माण गरिएका बस्तुहरुको बजारीकरण एवम् प्रचारप्रसार गरिनेछ ।

३. स्थानिय मौलिकतामा आधारित संस्कृतिको संरक्षण र विकासका लागि नगरपालिका स्तरीय बृहत साँस्कृतिक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

## स्वास्थ्य

१. यस नगरवासी सबै गर्भवती तथा सुत्केरी आमाहरुका लागि विरामी सहित बढीमा तीन जनालाई स्वास्थ्य संस्थामा उपचारार्थ आवागमनका गर्नका लागि निःशूल्क एम्वुलेन्स सेवा उपलब्ध गराइनेछ ।

२. यस नगरपालिकामा सञ्चालन हुदै आएको निशुल्क आधारभुत स्वास्थ्य सेवालाई जनमुखी, जवाफदेही एवं परिणाममुखी बनाएर स्वास्थ्य सम्वन्धी सुचना प्रणालीलाई समयानुकुल प्रविधिमैत्री बनाउदै थप व्यवस्थीत गरिनेछ ।

३. स्वास्थ्य चौकी नभएका वडाहरुमा स्थापित आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई नियमित सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति तथा सोको लागि बजेटको व्यवस्था गरिनेछ ।

४. हाल कार्यान्वयनमा आइरहेको वहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिने छ ।

४. यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा उपचारका लागि आउने विरामीहरुलाई आवश्यक पर्ने औषधी खरिद गरी निःशूल्क रुपमा वितरण गरिने छ ।



ज्ञान चन्द्र रोकाया
नगर प्रमुख

CamScanner

५. यस नगरपालिकामा २०७८ सालमा शिलान्यास भएको १५ सैयाको नगर अस्पतालको स्वास्थ्य मन्त्रालयबाट प्राप्त नक्सा तथा डिजाइन अनुसार निर्माण कार्य अघि बढाइनेछ ।

६. सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ साथै सुरक्षित मातृत्वको लागि पोषण सेवालाई थप प्रभावकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा (Emergency Obstetric Care (EOC) Fund को व्यवस्था गरिनेछ ।

७. महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य क्षेत्रकै मेरुदण्ड भएकाले नयाँ छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सेवा प्रवाह सम्बन्धी तालिम संचालन गरिने छ । साथै स्वास्थ्य संस्थामा हुने स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र कर्मचारीहरुको मासिक वैठकलाई थप व्यवस्थित गरिने छ ।

८. नवजात शिशूमा हुन सक्ने खतराबाट बचाउनका लागी सबै स्वास्थ्य संस्थाहरुमा क्रमसः Newborn Cornar को स्थापना गरिने छ ।

९. विद्यालय नर्स कार्यक्रम लाई थप प्रभावकारीताका साथ निरन्तरता दिइनेछ ।

## (ग) पूर्वाधार विकास क्षेत्र

१. नगरपालिकाको निर्माणाधिन प्रशासकिय भवनलाई छिटो भन्दा छिटो निर्माण सम्पन्न गरिनेछ ।

२. आफ्नै वडा भवन नभएका वडाका लागि वडा कार्यालयको भवन निर्माण गर्न पहल गरिनेछ ।

३. यस नगरपालिकाको सदरमुकामसँग जोडिएका ग्रामिण सडकाहरुको स्तर उन्नती गरिनेछ ।

४.यस नगरपालिकामा रहेको भेरी कोरीडोरको सडक कालोपत्रे गर्न सडक डिभिजन कार्यालयसँग समन्वय र सहकार्य गरिनेछ ।

५. यस नगरपालिकाको त्रिपुराकोट बगरमा बसपार्कको लागि डिपिआर निर्माण गरी सहरी विकास मन्त्रालय, विभाग तथा डिभिजन कार्यालय सँगको समन्वय र सहकार्यमा निर्माण गरिनेछ ।

६. छलगाड देखी त्रिपुराकोट वजार भएर नगरपालिकाको कार्यालय हुदै त्रिपुरासुन्दरी मन्दिर सम्मको सडकलाई ग्राभिल गरी स्तरोन्नती गरिने छ साथै धार्मिक पर्यटकीय स्थल छल मस्टोभवानी मन्दिर हुदै मसिनचौर पहाडा विमानस्थल सम्म क्रसस: स्तरोन्नती गरिने छ ।

७. यस नगरपालिका भित्र रहेका झोलुङ्गे पुलहरुको मर्मत सम्भार गरिनेछ ।

८. यस नगरपालिका क्षेत्र भित्र अव निर्माण हुने नीजि तथा सार्वजनिक भवन निर्माण गर्दा घर नक्सा पास सम्बन्धी मापदण्ड निर्धारण गरिनुका साथै हाल सम्म बनेका नीजि तथा सार्वजनिक भवनहरुको यथास्थितिमा प्रमाणिकरण गरिनेछ ।

९. यस नगरपालिका क्षेत्र भित्र पर्ने सम्पूर्ण सडकहरुको सडक अधिकार क्षेत्र निर्धारण गरी सडकहरुमा सहज आवतजावत गर्ने बनाउन खोलाहरुमा कल्भर्ट निर्माण गर्न पहल गरिनेछ ।

१०. यस नगरपालिकाको आधारभूत स्वास्थ्य चौकी र बर्थिङ्ग सेन्टर को आप्नो भवन नभएका स्थानमा क्रमश निर्माण गर्न पहल गरिनेछ ।

११. यस नगरपालिका भित्रका विद्यालयहरुमा कक्षाकोठा अभाव भएको विद्यालयमा पक्की सुरक्षित भवन निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१३. यस नगरपालिकाको नगर कार्यपालिका भएको त्रिपुराकोट बगर क्षेत्रलाई सुरक्षित र व्यवस्थित बस्ती बनाउनका लागि Land Poling (ल्याण्ड पोलिङ्ग) को लागि पहल गरिनेछ ।

१४.त्रिपुराकोट वगरबाट तामेगाड भएर त्रिपुरासुन्दरी वडा नं ७/८ हुदै जगदुल्ला गाउपालिका सम्म मोटरबाटो जोड्ने कार्यको थालनी गरिने छ ।



जन चन्द्र रोकाया
नगर प्रमुख

१५.सुँपानीबाट सुँ र ज्यूँ को महादेव मन्दिर हुदै ठूलीभिरी नगरपालिकाको जुफाल कल्भर्ट सम्म मोटरवाटो जोडीने छ ।

१६. यस नगरपालिका, ३ सुँपानिबाट वडा नं ४ रंग गाउसम्मको मोटरबाटोको स्तर उन्नती गरिने छ ।

१७. त्रिपुराकोट वगरदेखी गल्ली हुदै करेलीकाँडा गाउ सम्म मोटरबाटो पूऱ्याइने छ ।

## (घ) वातवारण तथा विपद व्यवस्थापन क्षेत्र

१. यस नगरपालिका भित्रका सबै वडामा NCCSP 2 अन्तर्गत योजनाहरुको कार्यक्रमको उद्देश्य अनुरुप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२. यस नगरपालिका क्षेत्र भित्र आइपर्ने प्राकृतिक प्रकोप, बाढी, पहिरो, आगलागी, घटना, दुर्घटनामा परेका पिडित घरपरिवार तथा व्यक्तिलाई तत्काल उद्दार गरी राहत तथा पुर्नस्थापनाका लागि विपत व्यवस्थापन कोषको व्यवस्था एवं विपद व्यवस्थापनका लागि आवश्यक सामाग्रिको उचित व्यवस्था मिलाइने छ ।

३. यस नगरपालिकाको सम्पूर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर बनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माण गरेर वृक्षा रोपण गर्नका लागि विभिन्न संघ संस्थासँग, समन्वय र सहकार्य गरिनेछ ।

४.यस नगरपालिकामा बैकल्पिक उर्जा कार्यक्रम मार्फत नगरका सम्पूर्ण नागरिकहरुलाई धुँवारहित फलामे चुलो क्रमसःउपलब्ध गराईनेछ ।

५. यस नगरपालिकामा विद्यालय, स्वास्थ्य संस्था र नगरबासीहरुलाई बैकल्पिक उर्जासँग सहकार्य र समन्वय गरी विजुलीबत्तीका लागि सोलारको व्यवस्था क्रमसः गरिनेछ ।

६. यस नगरपालिका भित्रका सार्वजनिक तथा नीजि घरजग्गा, जमिनको अभिलेख नापी कार्यालयसंग सहकार्य र समन्वय गरी अद्यावधिक गरिनेछ ।

७. विपद जोखिम न्युनिकरणका लागि विपद प्रतिकार्य योजना निर्माण गरेर कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धी गरी विपदको समयमा जनशक्ति परिचालन गरिनेछ ।

८. यस नगरपालिका वडा नं १ स्थित नगरपालिकाको केन्द्र वगरको कुल भूभागको संभाव्यता अध्ययन गरी स्वच्छ ,सफा र हरित स्मार्ट सिटी वनाइने छ ।

## ङ) संस्थागत विकास तथा सुशासन

१. यस नगरपालिकामा आवश्यक पर्ने जनशक्तिको योजना तयार गरी सोही अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाई नागरिकहरुलाई सरल, सहज, छरितो र प्रभावकारी एवंम गुण सेवा प्रवाह गरिनेछ ।

२. जनशक्तिलाई आवश्यक ज्ञान, सिपका लागि तालिम, अभिमुखकिरण, गोष्ठीको माध्यमबाट क्षमता अभिवृद्धी गर्दै मौद्रिक तथा गैरमौद्रिक सुविधा प्रदान गरी कार्य सम्पादन गर्न उत्प्रेरित गरिनेछ ।

३. राजस्वको दायरा फराकिलो गरी एकिकृत कर प्रणालीको माध्यमबाट सबै नगरबासीहरुलाई करको दायरामा ल्याई आन्तरिक राजश्वको संकलन र परिचालनमा जोड दिइनेछ ।

४. नगरपालिका भित्र सञ्चालित जुनसुकै योजनाहरुको नगर अनुगमन समितिबाट स्थलगत अनुगमन भएपश्यात प्राप्त प्रतिवेदनको आधारमा सम्वन्धित वडाले योजना सम्पन्न भएको सिफारिस गरेपछि मात्र भूक्तानी हुने व्यवस्था मिलाईने छ ।

५. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुको बारेमा कामको प्रकृति, पारदर्शिता, निश्पक्षता, जवाफदेहिता र सदाचारीताको प्रवर्द्धन गर्दै श्रोत सधानको कुसलतम, मितव्यायी, परिचालन र प्रभावकारी नतिजा हासिल गरी भ्रष्टचार, अनियमितता र दुरुपयोगलाई निरुत्साहित गर्दै कार्य सम्पादनमा प्रभावकारीता ल्याउन नागरिक सन्तुष्टि सर्वेक्षण गरी सामाजिक उत्तरदायित्व बहन गरिनेछ ।

६. नगरपालिकाबाट गरेका सबै कार्यक्रम तथा सेवा प्रवाहको नियमित अनुगमन, मूल्यांकन, सार्वजनिक लेखापरिक्षण, सार्वजनिक सुनुवाई गर्दै सूचना अधिकारीको माध्यमबाट सार्वजनिकिकरण गरिनेछ ।
७. नगरपालिकाको आर्थिक नियमितता, पारदर्शिता, मितव्ययीता, कार्यदक्षतार औचित्यता पुष्टि हुनेगरी जवाफदेहिताका लागि आन्तरिक लेखा परिक्षण र बाह्य (अन्तिम) लेखापरिक्षण्को माध्यमबाट बेरुजु न्युनिकरण गरिनेछ ।
८. नगरपालिकामा अचारसहिता निर्माण, नागरिक वडापत्र, सूचनापाटी, गुनासो सुनुवाई, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण ,तेश्रो पक्ष मुल्यांकन सहितको अधिकार र उजुरी पेटिकाका माध्यमबाट प्रवाह गरिने सेवा सुविधा सरल, सहज र प्रभावकारी बनाईनेछ ।
९. नगरपालिका भित्र घुम्ती सेवाको सञ्चालन, नागरिक सहायता कक्ष,स्तनपान कक्षको स्थापना गर्नुका साथै असक्त,वृद्ध, वालवालिका र गर्भवती महिलालाई सेवा प्रवाहमा प्राथमिकता दिइने छ ।
१०. नेपालको संविधानको अनुसूची ८ को वुदा नं. ४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४ को दफ ३ मा उल्लेखित कर राजस्व र गैरकर राजस्वको संकलन तथा परिचालन गरिने छ ।
११. नगरपालिकाबाट हुने सेवा प्रवाहमा जनताको आवश्यकता र मागको आधारमा नागरिक सहभागिता र अपनत्व कायम गर्दै सेवालाई प्रकृयामुखी भन्दापनि नतिजामुखी तथा नागरिक मैत्री वनाईने छ ।
१२. आधुनिक प्रविधि तथा सफ्टवेयरको व्यवस्थापन लगायत सर्वसुलभ सूचना प्रविधिको प्रयोगगरी सम्पूर्ण वडा कार्यालयबाट क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह गरिने छ ।
१३..नगरपालिकाका नगरप्रमुख, नगर उपप्रमुख लगायत कार्यपालिका सदस्यहरु र नगरसभाका सम्पूर्ण सदस्यहरुले पाउने सेवा सुविधाका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
१४ नगरपालिकाका जनतालाई स्थानिय सरकारको अनुभूति दिलाउनका "जनतासँग नगर प्रमुख" कार्यक्रमका लागि वजेटको व्यवस्था गरिने छ ।
१५.मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय कर्णाली प्रदेश अन्तर्गत रहेको "प्रदेश सुशासन केन्द, सुर्खेत"को सहयोगमा निर्माण गरिने यस नगरपालिकाको **"क्षमता विकास योजना, २०७९"**लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।
१६.यस नगर कार्यपालिकामा स्थायी कर्मचारीलाई आकर्षण गरी दरवन्दी अनुसारको रिक्त पदपूर्ति गराई नागरिकको सेवा प्रवाहलाई प्रभावकारी वनाउन कार्यरत कर्मचारीहरुलाई विगत वर्षदेखि उपलब्ध गराउँदै आएको खाजा भत्तालाई प्रोत्साहान भत्ताका रुपममा रुपान्तरण गरेर उक्त भत्तामा थपगरी आ.व. २०७९/०८० को श्रावण १ गते देखि लागु हुनेगरी उपलब्ध गराईने छ ।
१७. नगरपालिकाको सुशासनका लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरुको समयानुकुल तर्जुमा एवं परिमार्जन गर्दै लगिने छ ।
१८. मानव संसाधन विकासका लागि सम्पूर्ण पदाधिकारीहरु र कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी,अन्तरकृया अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमको व्यवस्था मिलाइने छ ।
१९. यस नगरपालिकाको आ.व.२०७९/०८० को विनियोजित नीति, कार्यक्रम तथा वजेट कार्यान्वयन गर्नका लागि बार्षिक/अर्धबार्षि/चौमासिक कार्ययोजना/कार्य तालिका निर्माण गरी कार्यान्वयन गरिने छ ।
२०. सामाजिक सुरक्षा भत्ता त्रैमासीक रुपमा निकासा गरी बैंकिङ प्रणाली मार्फत प्रत्येक सम्बन्धीत लाभग्राहीहरुको खातामा भुक्तानी गरिने गरिनेछ ।



ज्ञान चन्द्र रोकाया
नगर प्रमुख

## न्यायीक समिति

१. नेपालको संविधान र कानूनको भावना, मर्म र उद्देश्यलाई सिरोपरगरी न्यायीक समितिमा आएका विवादलाई छिटोछरितो र सर्वसुलभ ढङ्गबाट न्याय, निरुपण गरिनेछ ।
२. यस नगरपालिकामा नागरिक सचेतनाकालागि न्यायीक समिति मार्फत कानूनी सचेतनामुलक तालिम, गोष्ठी र अभिमुखिकरण जस्ता कार्यक्रमहरु सञ्चलान गरिनेछ ।
३. नगरपालिकामा न्यायीक समितिले विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि, आचासहिंताको तर्जुमा गरी कार्यान्वयनमा सहजता ल्याइने छ ।
४. न्यायिक समितिमा सचिवालय, न्यायिक संयोजक र सदस्यका लागि एक इजलासको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि आ.ब. २०७९।०८० को संघ,प्रदेश र यस नगरपालिकाको आन्तरिक श्रोत समेत गरी कुल अनुमानित वजेट ४९,९०,०६,७६५।०० प्रस्ताव गरिएको छ ।

जन चन्द्र रोकाया
नगर प्रमुख

| | आर्थिक बर्ष २०७९।०८० को आय व्ययको विवरण | | |
|---|---|---|---|
| आय तर्फ | | | |
| क स | शिर्षक | बजेट | कैफियत |
| १ | संघीय शसर्त अनुदान | २४६२००००० | |
| २ | संघीय वित्तिय समानिकरण अनुदान | ९५९००००० | |
| ३ | प्रदेश वित्तिय समानिकरण अनुदान | ९२९९००० | |
| ४ | प्रदेश शसर्त अनुदान | ३७१३०००० | |
| ५ | प्रदेश विशेष अनुदान | ६०००००० | |
| ६ | प्रदेश समपूरक अनुदान | ५०००००० | |
| ७ | संघीय राजस्व बाँडफाँट | ७८२१०००० | |
| ८ | प्रदेश राजस्व बाँडफाँट | ५९१३६०० | |
| ९ | आन्तरिक स्रोत | १५३५४१६५ | |
| | कुल बजेट | ४९९००६७६५ | |
| नगरपालिकाबाट बाँडफाँट नहुने संघ र प्रदेश शसर्त बजेट | | २९४३३०००० | |
| नगरपालिकाबाट बाँडफाँट गर्न मिल्ने बजेटको विवरण | | २०४६७६७६५ | |
| | कुल बाडफाँट बजेट | २०४६६७७६५ | |
| १ | करार सेवा शुल्क दायित्व आ.व. ०७८।०७९ | १७४५०००० | |
| २ | समपूरक दायित्व ०७८।०७९ | ३७००००० | |
| ३ | समपूरक कोष ०७९।०८० | १७५००००० | |
| ४ | विविध दायित्व आ.व. ०७८।०७९ | १३००००० | |
| ५ | नगरपालिका भवन व्यवस्थापन | १५००००० | |
| ६ | उच्च शिक्षा अनुदान (वन र स्वास्थ्य) | ६००००० | |
| ७ | श्री सरस्वती मा.वि. विज्ञान संकाय शिक्षक अनुदा | २६६५००० | |
| ८ | मेयरसँग जनता कार्यक्रम | ७५००००० | |
| ९ | कार्यालय फर्निचर | १५००००० | |
| १० | लिकु संयुक्त क्याम्पस अनुदान क्रमागत | ५००००० | |
| ११ | रुम विद्यालय घेराबार | १००००० | |
| १२ | विपद व्यवस्थापन कोष | ७५०००० | |
| १३ | रसि टेलिकम टावर विद्युत लाइन विस्तार | ५००००० | |
| १४ | समावेशीकरण  अनुदान कार्यक्रम | ७५०००० | |
| १५ | गल्ली मष्टा मन्दिर | ५०००० | |
| १६ | डि.पी.आर.(सम्भाव्यता अध्ययन) | ५०००००० | |
| १७ | बाला त्रिपुरासुन्दरी मन्दिर व्यवस्थापन | ५००००० | |
| १८ | लिटोपिटो ढुवानी | ५००००० | |
| १९ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ६२६४६२ | |
| २० | १५ शैया अस्पताल मेडिकल अधिकृत तलब | १३००००० | |
| २१ | त्रिपुरासुन्दरी नगरपालिका चालुको कुल बजेट | ११७४४४०३ | |
| २२ | महिला,बालबालिका तथा समाजकल्याण शाखा | ५००००० | |
| २३ | शिक्षा,युवा तथा खेलकुद शाखा | १५००००० | |
| २४ | स्वास्थ्य शाखा | १०००००० | |
| २५ | पशु शाखा | ५००००० | |

जय चन्द्र रोकाया
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २६ | कृषि शाखा | ५००००० | |
| २७ | पञ्जिकरण शाखा | २००००० | |
| २८ | नापी शाखा | २००००० | |
| २९ | पोषण कार्यक्रम | ३००००० | |
| ३० | सुचना प्रविधि शाखा | २००००० | |
| ३१ | रोजगार शाखा | २००००० | |
| ३२ | पूर्वाधार शाखा | १०००००० | |
| ३३ | वडा मोटरसाइकल खरिद ११ वटा | ३१११९०० | |
| | कुल विनियोजन रकाम | १९०९४७७६५ | |
| | वडाको कुल बजेट | १३७२०००० | |
| १ | वडा नं १ | १६२०००० | |
| २ | वडा नं २ | १८२०००० | |
| ३ | वडा नं ३ | १२२०००० | |
| ४ | वडा नं ४ | १०२०००० | |
| ५ | वडा नं ५ | १०२०००० | |
| ६ | वडा नं ६ | १०२०००० | |
| ७ | वडा नं ७ | १५२०००० | |
| ८ | वडा नं ८ | १२२०००० | |
| ९ | वडा नं ९ | १०२०००० | |
| १० | वडा नं १० | १०२०००० | |
| ११ | वडा नं ११ | १२२०००० | |
| | **वडाको कुल बजेट बाँडफाड रकम** | १३७२०००० | |
| | **कुल विनियोजन बाडफाँड रकम** | २०४६६७७६५ | |

जन चन्द्र रोकाया
नगर प्रमुख

त्रिपुरासुन्दरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
त्रिपुराकोट बजार, डोल्पा
कर्णाली प्रदेश

CamScanner

## त्रिपुरासुन्दरी नगरपालिका आ.व. २०७९/०८० को अनुमानित आन्तरीक आय विवरण

| क.स | कर शिर्षक | परिमाण | इकाई | दर प्रति इकाई | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|
| क | भुमि कर (मालपोत) | | | | | |
| १ | पाखो जग्गा | २५००० | रोपनि | १० | २५००००.०० | |
| २ | सिचाई योग्य जमिन | २००० | रोपनि | २० | ४००००.०० | |
| ख | सम्पत्ति कर (बार्षिक) | | | | ०.०० | |
| | पक्की ढलान घर | १० | धुरी | १००० | १००००.०० | |
| १ | जस्ताको छाना । ढुगाको छानो | १००० | धुरी | ५०० | ५०००००.०० | |
| २ | माटोको छानो | १३०० | धुरी | १०० | १३००००.०० | |
| ३ | टहरा(काठ र जस्ता) | ९० | वटा | १०० | ९०००.०० | |
| ग | घर जग्गा बहाल कर | | | | – | |
| १ | घर जग्गा वहाल कर (१०%) | | | नियमानुसार | १०,००,०००.० | |
| घ | व्यवसाय कर (पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा) बार्षिक | | | | | |
| १ | स्टेशनरी पसल | ५ | वटा | १५०० | ७५०० | |
| ३ | होटल(लजिङ र फुटिङ | ३० | प्रत्येक | २००० | ४५०००.०० | |
| ४ | होटल(खाना र नास्ता) | ४० | प्रत्येक | १५०० | ६००००.०० | |
| ६ | गहना पसल | ५ | प्रत्येक | ५००० | २५०००.०० | |
| ७ | ईलेक्टिनिक सामानको पसल | १५ | प्रत्येक | १५०० | २२५००.०० | |
| ८ | थोक किराना पसल | १० | प्रत्येक | २५०० | २५०००.०० | |
| ९ | खुद्रा किराना पसल | १०० | | १००० | १०००००.०० | |
| १० | फेन्सि स्टोर | १५ | प्रत्येक | १५०० | २२५००.०० | |
| ११ | हाडवेयर पसल | ५ | प्रत्येक | ५००० | २५०००.०० | |
| !@ | भाडा पसल | ५ | प्रत्येक | १५०० | ७५००.०० | |
| १३ | मदिरा तथा सुर्तिजन्य पसल तथा होटेल | ५० | प्रत्येक | २५०० | १२५०००.०० | |
| १४ | मेडिकल क्लिनिक | ५ | प्रत्येक | २५०० | १२५००.०० | |
| १५ | अन्य पसल | २० | प्रत्येक | १००० | २००००.०० | |
| १६ | डोके,घुमन्ते र पोके | १०० | वटा | ५०० | ५००००.०० | |
| १७ | पुल हाउस | १ | प्रत्येक | २५०० | २५००.०० | |
| १८ | क्यारेम बोर्ड | ५० | वटा | ५०० | २५०००.०० | |
| १९ | पशु वधशाला(पन्छिसहित) | | | | १५००००.०० | |
| ङ | जडिबुटि ,कवाडी जिवजन्तु कर निकासी | | | | ०.०० | |
| १ | जटामसि | ५०,०००.०० | के.जि | २० | १००००००.०० | |
| २ | गुच्चि च्याउ | ५०० | के.जि | ५०० | २५००००.०० | |
| ३ | पदमचाल | २००० | के.जि | १५ | ३००००.०० | |
| ४ | चिराईतो | २००० | के.जि | १५ | ३००००.०० | |
| ५ | सुगन्धवाल | २००० | के.जि | १५ | ३००००.०० | |
| ६ | धुपिजरा | २००० | के.जि | १५ | ३००००.०० | |
| ७ | अतिस | २००० | के.जि | २५ | ५००००.०० | |
| ८ | सतुवा | १५०० | के.जि | ५० | ७५०००.०० | |
| ९ | कटुकि | ५००० | के.जि | २५ | १२५०००.०० | |
| १० | शिलाजित | ५०० | के.जि | २५० | १२५०००.०० | |
| ११ | जिवनबुटी(यार्सागुम्बा) | ५० | के.जि | ३००० | १५००००.०० | |
| !@ | सेतो चिनि | १०००० | के.जि | २५ | २५००००.०० | |

त्रिपुरासुन्दरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश

ज्ञान चन्द्र रोकाया
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | कवाडी | नियमानुसार | | | ३००००.०० | |
| १४ | मृत जिवजन्तु अखेटा पहार(निषेधित बाहेक) | अनुमानित | | | ३००००.०० | |
| १५ | खसिभेडा र बाखा | ५०० | | २० | १००००.०० | |
| १६ | भैसि राँगा | ५० | | १५० | ७५००.०० | |
| १७ | कुखुरा | १००० | | १५ | १५०००.०० | |
| १८ | अन्य | २००० | | १५ | ३००००.०० | |
| च | सवारी साधन कर (पार्किंग) | | | | ०.०० | |
| १ | ट्रक | ५०० | | ३०० | १५०००.०० | |
| २ | मोटरसाईकल | १०००० | | ५० | ५०००००.०० | |
| ३ | ट्याक्टर | ५००० | | २०० | १००००००.०० | |
| ४ | जीप | ८००० | | १०० | ८०००००.०० | |
| ५ | डोजर | ६० | | ५०० | ३००००.०० | |
| ६ | खच्चड | १०० | | १५ | १५००.०० | |
| छ | गिटी बालुवा ढुंगा निकासि तथा पैठारी | | | | ०.०० | |
| १ | बालुवा गिट्टी संकलन | २००० | ट्याक्टर | ५०० | १००००००.०० | |
| २ | ढुगां संकलन | २००० | चट्टा | ५०० | १००००००.०० | |
| ३ | मनोरन्जन कर | | | | ०.०० | |
| ४ | स्थानिय स्तरको | ५ | पटक | ५०० | २५००.०० | |
| ५ | बाहिरको | ५ | | १००० | ५०००.०० | |
| ६ | चलचित्र छायाङ्कन | ५ | | ५००० | २५०००.०० | |
| ज | बिज्ञापन कर | | | | | |
| १ | पोष्टर पमप्लेट टाँसेको | १०० | वटा | १०० | १००००.०० | |
| २ | होडिग बोर्ड | ५० | पटक | ५०० | २५०००.०० | |
| ३ | भित्ते लेखन | २० | वटा | १००० | २००००.०० | |
| झ | घर जग्गा रजिष्टेशन शुल्क | | | | ०.०० | |
| १ | नक्सापास पक्की (भवन) | १५००० | स्क्वायर फिट | ७.०० | १०५०००.०० | |
| २ | नक्सापास कच्ची भवन | १५००० | | २.०० | ३००००.०० | |
| ३ | नक्सापास(निवेदन) | १५ | | ५०० | ७५००.०० | |
| ४ | नक्सापास (बाटो मर्मत) | १५ | | १००० | १५०००.०० | |
| ५ | भवन निर्माण सम्पन्न पत्र | १५ | वटा | १५०० | ७५००.०० | |
| ६ | नामसारि | ५ | वटा | १००० | ५०००.०० | |
| ७ | चारकिल्ला प्रमाणित | १०० | वटा | ५०० | ५०००.०० | |
| ८ | योजना सिफारिस साधारण | ५०० | वटा | २०० | १०००००.०० | |
| ९ | जग्गा नाप जाँच सेवा शुल्क | १०० | वटा | २००० | २०००००.०० | |
| १० | योजना सिफारिस (५ लाख बढि) | ५० | वटा | ५०० | २५०००.०० | |
| ११ | अन्य सिफारिस | २५०० | वटा | १०० | १,५०,०००. | |
| ञ | व्यक्तिगत घटना दर्ता | | | | ०.०० | |
| १ | जन्म दर्ता(३५ दिन पछि) | १०० | जना | १०० | १००००.०० | |
| २ | बिबाह दर्ता | १५० | जोडि | १०० | १५०००.०० | |
| ३ | मृतु दर्ता | ० | जना | ० | ०.०० | |
| ४ | सम्बन्ध विच्छेद | ५ | जोडि | २०० | १०००.०० | |
| ५ | बसाई सराई | १० | परिवार | ५०० | ५०००.०० | |
| ६ | नाता प्रमाणित | २०० | जना | २०० | ४००००.०० | |

जन चन्द्र रोकाया
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | नागरिकता सिफारिस | २०० | जना | १०० | २००००.०० | |
| ९ | नागरिकता प्रतिलिपि | ११० | जना | २०० | २२०००.०० | |
| ट | **सेवा शुल्क तथा दस्तुर** | | | | ०.०० | |
| १ | धर्मशाला सार्वजनिक प्रयोग गरे बापत | २ | दिन | १५०० | ३०००.०० | |
| २ | फोहोर मैला व्यवस्थापन,सरसफाई,ढल निकास | १०० | वटा | १२०० | १२००००.०० | |
| ३ | बाल बिटौरी शुल्क | १० | वार्षिक | २००० | २००००.०० | |
| ४ | दण्ड जरिमाना | १०० | वटा | १,०००.०० | १०००००.०० | |
| ५ | मुद्धा दर्ता निवेदन | १०० | वटा | १००.०० | १००००.०० | |
| ६ | न्यायिक समितिबाट मुद्धाको मिलापत्र शुल्क | १०० | वटा | ५००.०० | ५००००.०० | |
| ७ | बिषयगत शाखा समुह दर्ता नविकरण | १०० | वटा | ५०० | ५००००.०० | |
| ८ | संस्था दर्ता तथा नविकरण | नियमानुसारको दर बाट | | | १०००००.०० | |
| ९ | घ वर्गको लाईसन्स दर्ता तथा नविकरण | नियमानुसारको दर बाट | | | १५००००.०० | |
| १० | डोजर प्रयोग घनमिटरको आधारमा कडा चट्टान | १००० | घ.मि. | ६२९.०४ | ६२९०४०.०० | |
| ११ | डोजर प्रयोग घनमिटरको आधारमा मध्यम चट्टान | ५००० | | ३६६.११ | १८३०५५०.०० | |
| !@ | डोजर प्रयोग घनमिटरको आधारमा माटो ढुगां | ७५०० | | १९९.९७ | १४९९७७५.०० | |
| १३ | डोजर प्रयोग घनमिटरको आधारमा नरम माटो | १०००० | | १३०.१८ | १३०१८००.०० | |
| १४ | विविध | | | | ३०००००.०० | |
| ठ | **उद्योग** | | | | ०.०० | |
| १ | ग्यारेज़ उद्योग | ३ | वटा | १०००० | ३००००.०० | |
| २ | घरेलु उद्योग | १० | वटा | १५०० | १५०००.०० | |
| ३ | साना उद्योग | १५ | वटा | १०००० | १५००००.०० | |
| ४ | प्रेस उद्योग | १ | वटा | १०००० | १००००.०० | |
| ५ | घट्ट उद्योग | ६ | वटा | १५०० | ९०००.०० | |
| ६ | आयल निगम | १ | वटा | ५००० | ५०००.०० | |
| | **कुल जम्मा** | | | | १५३५४१६५.०० | |
| | डोजर प्रयोग घण्टाको आधारमा आ.व. ०७७।०७८ | ७८२ | घण्टा | ७००० | ५,४७४,०००.०० | |

जन चन्द्र रोकाया
नगर प्रमुख

अन्तमा

माथि उल्लेखित विनियोजित अनुमानित **४९ करोड ९० लाख ६ हजार ,७ सय ६५ रुपैयाको** कुल बजेटले सम्पुर्ण विषयगत शाखा, वडागत पुर्वाधार लगायत अन्य विभिन्न विकास निर्माणका कार्य मार्फत त्रिपुरासुन्दरी नगरपालिकाको विकास र समृद्धिमा योगदान पुग्ने अपेक्षा राखिएको छ । यस गरिमामय सभामा उपस्थित हुनु भएका प्रमुख अतिथि, विशेष अतिथि, अन्य अतिथि सभाका सदस्य ज्यूहरु , कर्मचारीहरु , आमन्त्रीत महानुभावहरु तथा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने सम्पुर्णमा आभार सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम , बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँको रचनात्मक सुझाव सहित नीति, कार्यक्रम , बजेट वक्तव्य यहि अन्त्य भएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउदछु ।

धन्यवाद

जन चन्द्र रोकाया
नगर प्रमुख

देवि धर्ति
उप प्रमुख
त्रिपुरासुन्दरी नगरपालिका,डोल्पा